त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः २०८०/०९/२०

## भाग २

## त्रिपुरासुन्दरी नगरपालिका नगर प्रहरी नियमावली, २०८०

**प्रस्तावना:** स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई नगरपालिका क्षेत्रभित्र कानूनको प्रभावकारी कार्यन्वयन गराउन सहयोग गर्न, सार्वजनिक सम्पतिको संरक्षणमा सहयोग गर्न, नगर मापदण्डको कार्यन्वयन गराउन र सार्वजनिक सुरक्षा कायम गर्नस नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यन्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क १ ले दिएको अधिकार र त्रिपुरासुन्दरी नगरपालिका प्रहरी ऐन २०७५ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी त्रिपुरासुन्दरी नगरकार्यपालिकाले यो नियमावली बनाएको छ ।

# परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "त्रिपुरासुन्दरी नगरपालिका नगरप्रहरी नियमावली,२०८०" रहेको छ।

(२) यो नियमावली नगर कार्यपालिकाले स्वीकृत गरेपछि नगर क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

क) संविधान भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ग) नियमावली भन्नाले त्रिपुरासुन्दरी नगरपालिका नगरप्रहरी नियमावली, २०८० लाई सम्झनुपर्छ ।

घ) "नगरपालिका" भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाको निश्चित भूगोल क्षेत्र तथा शासकीय तह सम्झनुपर्दछ।

ङ) "प्रमुख" भन्नाले त्रिपुरासुन्दरी नगरपालिका प्रमुखलाई सम्झनु पर्दछ।

च) "अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा सो मातहत सम्बन्धित कार्यको जिम्मेवारी तोकिएको अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्दछ।

छ) "समिति" भन्नाले त्रिपुरासुन्दरी नगरपालिका पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

ज) "नगर प्रहरी" भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

झ) "अस्थायी पद" भन्नाले म्याद तोकिएको र नगरपालिकाको नगर कार्यपालिकाद्धारा स्वीकृत अस्थायी पदलाई सम्झनु पर्दछ।

ञ) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने निज तथा आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहीत छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरा समेतलाई जनाउँछ।

ट) "भत्ता" भन्नाले त्रिपुरासुन्दरी नगर कार्यपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

ठ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक श्रावण १ गते देखि शुरु भई अर्को आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ड) "कार्यपालिका" भन्नाले नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

ढ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएका

विभिन्न मापदण्ड तथा नीतिगत व्यवस्थालाई सम्झनु पर्छ।

ण) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी कमाण्डर र सदस्यलाई सम्झनु पर्छ।

त) "कमाण्डर" भन्नाले टोलि प्रमुखलाई सम्झनु पर्छ ।

थ) "सदस्य" भन्नाले कमाण्डर बाहेकका प्रहरी सदस्य सम्झनु पर्छ ।

३. **नियमावलीको व्याख्या नगर कार्यपालिकाले गर्ने:** (१) कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ। उपनियम १ को सम्वन्धमा नगर कार्यपालिकाले निवेदन परेको मितिले ३० दिनभित्रमा निर्णय गरिसक्नु पर्नेछ।

## परिच्छेद-२

## नगर प्रहरी सेवाको गठन,रेखदेख, सञ्चालन तथा नियन्त्रण

४. **नगर प्रहरीसेवाको गठनः** (१) नगर पालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या नगर सभाले तोके बमोजिम हुनेछ।

५. **नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः** (१) नगर प्रहरीको संख्या संगठन संरचनाको निश्चित पदसोपान तथा कमाण्डरको तहमा आधारीत हुनेछ।

(२) नगर सहायक प्रहरी निरीक्षकको कमाण्ड तथा १२ देखि १८ जनासम्मको फौजको लागि त्रिपुरासुन्दरी नगरपालिका नगर प्रहरीका पदहरु निम्न बमोजिम हुनेछन।

| | |
|---|---|
| क कमाण्डरः सहायक नगर प्रहरी निरिक्षक | १ |
| ख हवल्दार | ३ |
| ग नगर प्रहरी जवान | ८ देखि ११ |

(२) नगरपालिकाले निर्देशिका बनाई प्रत्येक पदको कार्य विवरण लागू गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार नगर प्रहरी कार्य विवरणमा तोकिए वमोजिम हुनेछ ।

(४) नगर प्रहरी निर्देशिका नबनेसम्मको लागि नगर कार्यपालिका तथा अधिकृतले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

६. **नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः** (१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाईस हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(२) नगरपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहर मैला निर्धारित समय र स्थानमा राख्न लगाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने।

(३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी जस्ता सार्वजनिक सम्पदा र सम्पतिमा कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून बमोजिम अधिकृत मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र निर्णयको कार्यन्वयन गर्न लगाउने ।

(४) नगरपालिका क्षेत्र भित्रका भवन लगायत संरचनामा निर्माण कार्यमा नगरपालिकाले निर्धारण गरेबमोजिम नक्सापास मापदण्ड लागू भए नभएको नियमित चेकजाँच गर्ने र सो सम्बन्धी प्रतिबेदन अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने।

(५) छाडा पशु चौपाया नियन्त्रणमा लिएर लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापनका लागि आवश्यक प्रस्ताव सहित पेश गर्ने।

(६) कुकुर लगायत घरपालुवा जनावरहरु छाडा छोड्न नदिने यदि छाडा गरेमा सम्वन्धी मालिकलाई कानून बमोजिम कारवाहीका लागि पेश गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने वा व्यवस्थापन गर्ने ।

(७) खाद्य पदार्थमा अखाद्य बस्तु मिसावट गरेको, म्याद गुज्रेका तथा सडेका बस्तु बिक्रि वितरण गरेको, अखाद्य वस्तुलाई खाद्य वस्तुको नाम वा रुप दिई विक्रि वितरण गरेको जस्ता उपभोक्ता हित तथा स्वास्थ्य प्रतिकुल वस्तुको व्यापारमा रोक लगाउने र सोको कार्वाहीका लागि सम्बन्धित सरोकारवाला निकायमा पेश गर्ने ।

(८) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी र जीवजन्तुहरु काटमार तथा मासु लगायत शरीरका कुनै पनि अंगको बिक्री वितरणमा रोक लगाउने। अटेर गरेमा जफत गरी नष्टवा सम्बन्धित निकाय वा व्यक्तिलाई फिर्ता गर्न लगाई जरिवानाका लागि पेश गर्ने ।

(९) मानविय तथा अन्य सुरक्षाका दृष्टिले जोखिमपुर्ण रुख वा अन्य कुनै पनि किसिमका संरचनाहरुको विवरण नियमित रुपमा संकलन गरी सो को व्यवस्थापनका लागि पेश गर्ने र सम्बन्धित पक्षलाई निर्णय कार्यन्वयन गर्न लगाउने वा गर्ने ।

(१०) वडा समिति, टोल विकास समति तथा अन्य सरोकारसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने।

(११) नगरपालिका कार्यपालिका, समिति, उपसमिति, विभाग तथा आयोजनाहरुबाट लागू हुने नीति,निर्णय, नियम र कानून कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(१२) नगरपालिकाको सुव्यवस्था कायम गर्ने, नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने व्यस्थापन गर्ने ।

(१३) ईजाजत विना पेशा, व्यवसाय गरे नगरेको नियमित चेकजाँच गर्ने। नगरेको पाईएमा कानून बमोजिम पेशा व्यवसायको दर्ता र नवीकरण गर्न लगाउने ।

(१४) त्रिपुरासुन्दरी नगरपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन तथा कानून बमोजिम निषेधित विज्ञापन प्रचार प्रसार सामाग्री र पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना तथा कारवाहीका लागि पेश गर्ने।

(१५) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(१६) नगरपालिकाले सञ्चालनगर्ने वा भाग लिने, सभा सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने।

(१७) नापतौलका सामग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने।

(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज सेन्टर, ब्युटि पार्लर जस्ता गतिविधिहरुको नियमित निरीक्षण गर्ने, दर्ता नविकरण

लगायत मापदण्डको कार्यन्वयन गराउने, अटेर गर्नेलाई कारवाहीका लागि पेश गर्ने ।

(१९) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा नेपाल प्रहरीको समन्यामा रोक लगाउने ।

(२०) त्रिपुरासुन्दरी नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोगमा प्रतिबन्ध लगाउने, कार्यक्रम स्थलको सिमित ध्वनी प्रणालीको कार्यन्वयन गराउने।

(२२) नगरपालिका क्षेत्रभित्र ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने।

(२३) त्रिपुरासुन्दरी नगरक्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र सोको नियमित अनुगमन गरी आवश्यक व्यवस्थाका लागि पेश गर्ने।

(२४) प्राकृतिक तथा अन्य किसिमका विपद, महामारीको पूर्वतयारी योजना कार्यन्वयन गराउने प्रकोप प्रतिकार्य, उद्धार, राहत वितरण तथा पूर्ननिर्माण कार्यमा खटिने।

(२५) नगरपालिका मातहतका विभाग, महाशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने।

(२६) त्रिपुरासुन्दरी नगरपालिका अन्तरतका विभाग, शाखा तथा आयोजनाबाट भएका निर्णय कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(२७) माथि तोकिए बमोजिमका कार्य जिम्मेवारीको अधिकृत समक्ष नियमित लिखित वा मौखिक प्रतिवेदन गर्ने ।

(२८) अधिकृतको सिफारिसमा नगर कार्यपालिकाले समय समयमा तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-४
## तह विभाजन र पदपूर्ति

७. **अस्थायी पद श्रृजना तथा दरवन्दी खारेजः** (१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगरमा कार्यपालिकाको सिफारिसमा नगरसभाले पारित गरे वमोजिम हुनेछ ।

(२) पद श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप भएको कार्य बोझ सम्पादन गर्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले

संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी अधिकृतले कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

८. **<u>नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः</u>** नगर प्रहरीको देहायका पदहरुमा खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरिनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

१) नगर प्रहरी जवान

२) नगर प्रहरी हवल्दार

३) नगर प्रहरी सहायक निरीक्षक

४) नगर प्रहरी नायव निरीक्षक

९. **<u>नियुक्ति गर्ने अधिकारीः</u>** पदपूर्ति समितिको सिफारिसमा अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ।

१०. **<u>पदपूर्ति गर्ने तरिकाः</u>** (१) नियम ८(१) मा शत प्रतिशत खुला र ८(३) मा ४० प्रतिशत आन्तरिक र ६० प्रतिशत खुलावाट पदपूर्ति गरिनेछ।

(२) नगर प्रहरी जवान पदमा समावेशी सिद्धान्तको आधारमा पदपूर्ति गरिनेछ।

(३) दफा १० (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिता द्धारा पूर्ति हुने पदमा देहाय बमोजिम प्रतिशत निर्धारण गरी सोही क्षेत्रका प्रतिस्पर्धिलाई छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

| | |
|---|---|
| १) खुला | ५० प्रतिशत |
| २) महिला | २० प्रतिशत |

३) आदिबासीरजनजाति १० प्रतिशत

४) दलित १० प्रतिशत

५) द्वन्द्ध पिडित, जनयुद्धका शहिद तथा घाईते परिवार १० प्रतिशत

**स्पष्टीकरणः**

(१) यस नियामावलीको खण्ड १,२,३,४, को प्रयोजनको लागि महिला, आदिवासी र जनजाती र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा सिमान्तकृत र पछाडि परेका विपन्न बर्गलाई सम्झनु पर्छ।

(४) उपदफा ३ वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासीरजनजाती र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ । तर त्यसरी नतोके सम्मको लागि जुनसुकै महिला, आदिवासी र जनजाती र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(५) दफा १० (३) वमोजिम छुट्याईएका पदको लागि दरखास्त पेश गर्दा देहाय वमोजिमका प्रमाण संलग्न हुनुपर्नेछः

(क) आदिवासी जनजातीको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको आदिवासीको हकमा

जनजातिका लागि नेपाल आदिवासी र जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी जनजाती भनी प्रमाणित भएको।

(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(ग) दफा १० (३) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घतांक (फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिका समुदायमा सर्दै जानेछ।

(घ) उपनियम १० (३) वमोजिम छुट्याईएको पदमा कुनै दरखास्त नपरे वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ।

११. **खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः** नगर प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्ः

१) उमेर र शिक्षाः

क. नगर प्रहरी जवान

उमेरः दरखास्त बुझाउने अन्तिम म्यादसम्म १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको।

शिक्षाः स्वीकृत माध्यमिक विद्यालयबाट कम्तिमा ८ कक्षा उत्तीर्ण गरेको।

ख. नगर प्रहरी सहायक निरीक्षक

उमेरः दरखास्त बुझाउने अन्तिम म्यादसम्म १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको।

शिक्षाः नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा १२ कक्षा वा प्रविणता प्रमाणपत्र वा उत्तर मध्यमा तह उतिर्ण ।

ग. नगर प्रहरी नायब निरिक्षक (बढुवाद्वारा)

उमेरः उमेर हद नलाग्ने ।

शिक्षाः नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह उतिर्ण।

२) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

३) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

४) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

५) महिलाहरुको लागि कम्तिमा ५ फिट र पुरुषको लागि कम्तिमा ५ फिट २ ईन्च उचाई भएको।

६) छाती नफुलाउँदा घटीमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको।

७) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

८) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

९) नागरिकता प्रमाणपत्र प्राप्त नेपाली नागरिक ।

तर, खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीको हकमा ३८ वर्ष ननाघेको तथा एक तह मुनिको शैक्षिक योग्यता भएको भए हुने ।

१२. **पदपूर्ति समितिः** प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन, योजना तथा अनुगमन शाखाको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा देहाय बमोजिम एक नगर प्रहरी पदपुर्ति समिति रहनेछ:

| | | |
|---|---|---|
| संयोजक | : | प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन, योजना तथा अनुगमन शाखाको अधिकृतस्तरको शाखा प्रमुख । |
| सदस्य | : | अधिकृतस्तरको लेखा प्रमुख |
| सदस्य | : | शिक्षा अधिकृत |
| सदस्य | : | जिल्ला प्रहरी कार्यालय वा नजिकको प्रहरी ईकाईबाट तोकिएको प्रतिनिधि। |
| सदस्य सचिव | : | प्रशासन, योजना तथा अनुगमन शाखाको |

अधिकृतस्तरको शाखा प्रमुख (संयोजक नतोकिएमा), शाखा प्रमुख संयोजक तोकिएमा, संयोजकद्धारा तोकिएको नगर कार्यपालिकाको अधिकृतस्तरको कर्मचारी।

उल्लेखित समितिले स्वास्थ्य तथा अन्य आवश्यक क्षेत्रबाट आवश्यकता अनुसार बढिमा ३ जनासम्म विज्ञ प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ ।

१३. **<u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) उपदफा १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति पदको पाठ्यक्रम निर्धारण गर्ने।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) नेपाल सरकार तथा लोक सेवा आयोगबाट स्वीकृत नगर प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले

गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि र निर्देशिका बनाई लागू गर्न सक्नेछ।

१४. **योग्यताक्रम सूची तयार गर्नेः** (१) उम्मेदवारहरुले दिईएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ। कुल पदपूर्ति हुने पदको बढीमा १५ प्रतिशतसम्म योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

(२) उपदफा १४ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले ३५ दिनभित्र नियुक्ति गर्ने अधिकारीद्धारा नियुक्ति पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) ३५ दिनभित्र सफल उम्मेदवारले सम्पर्कमा आई नियुक्ति नलिएमा ३६ औ दिनमा ७ दिनको म्याद दिई वैकल्पिक उम्मेदवारको लागि सूचना प्रकाशित गरिनेछ तर सो अबधिमा कुनै वैकल्पिक उम्मेदवार उपस्थित भई नियुक्ति नलिएमा सो प्रक्रिया स्वतः समाप्त हुनेछ ।

१५. **जेष्ठताक्रम कायम गर्नेः** (१) नगर प्रहरी तहगत कमाण्डरको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

१६. **परीक्षणकालमा राखिनेः** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा कार्यपालिकाले थप ६ महिना परीक्षणकाल राख्न सक्नेछ। महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ । तीन महिना परिक्षणकाल थप गर्न सकिनेछ ।

(२) उपदफा १६ (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनेछ।

१७. **नियुक्ति सदरः** (१) उपदफा १६ (१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथ ग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) उपदफा १७ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ।

## परिच्छेद-५

## सरुवा (खटनपटन)

१८. **सरुवा सम्बन्धी व्यवस्थाः** अधिकृतस्तरको नगर प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट सरुवा गर्नेछ । अन्य नगर प्रहरी कर्मचारीहरुको सरुवा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ ।

१९. **वढुवा गर्ने अधिकारीः** पदपूर्ति समितिको सिफारिसमा त्रिपुरासुन्दरी नगर कार्यापालिकाले बढुवा गर्नेछ ।

२०. **वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधिः** (१) नगर प्रहरी जवान र हवल्दारको लागि कम्तिमा ३ बर्ष र नगर प्रहरी सहायक निरिक्षकको ५ बर्ष सेवा अवधि पुगेमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछ ।

(२) दफा २१ (१) मा जुनसुकै कुरा लेखिको भएतापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारी वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

क. निलम्बन भए निलम्बन भएको अवधिभर,

ख. वढुवा रोक्का गरिएकोमा सो अवधिभर,

ग. तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

घ. तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म,

ङ. हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

च. सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म

२१. **वढुवा गर्दा कार्य क्षमताको मूल्यांकन गर्ने आधारः** (१) नगर प्रहरी कर्मचारीलाई वढुवा गर्दा यस नियमावली वमोजिम कार्य क्षमताको मूल्यांकन गरी सबै भन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले वढुवा गरिनेछ।

तर,समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछः

क. एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यता क्रमको आधारमा

ख. खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा नोकरी गरेको अवधिको आधारमा

ग. खण्ड (ख) वमोजिम निर्णयहुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा

(२) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिने छ ।

१. नोकरीको जेष्ठता

२. कार्यसम्पादन मूल्याकंन

३. शैक्षिक योग्यता

४. तालिम

क. जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले वढीमा ३० अंक प्रदान गरिनेछ। त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा वढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिईनेछ।

ख. शैक्षिक योग्यताको अंक गणना गर्दा,

(१) वढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिईने छ।

(२) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिईनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ।

शैक्षिक योग्यता प्रथम द्धितिय तृतिय

कैफियत हाल वहाल रहेको पदमा नयाँ नियुक्ति दिदाँ आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा १० ८ ६

आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा

५ ४ ३

तर, श्रेणी नखुलेको शैक्षिक प्रमाण पत्रको हकमा विश्वविद्यालयले स्तरनिर्धारण गरेकोमा सोही अनुसारको श्रेणी कायम गरी र सो नभएमा द्वितीय श्रेणी सरहको अंक दिईनेछ।

(३) कम्पर्टमेन्टल परीक्षा पास गरेको भए तृतिय श्रेणी मानिनेछ ।

ग. कार्य सम्पादन वापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भए अनुसार कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिईनेछ।

घ. तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अङ्क दिईनेछ।

## परिच्छेद-६

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

२२. **नगर कार्यपालिका प्रशासनको नियन्त्रण रहनेः** नगर प्रहरी सम्बन्धी नीतिगत व्यवस्थापन वाहेक समस्त परिचालन नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने छन्।

२३. **नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुनेः** नगरपालिकाले प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

२४. **कारवाही गर्दा परामर्श लिनेः** नगर प्रहरी कर्मचारीलाई अनुशासन सम्बन्धी कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी प्रमुखको परामर्श लिनु पर्नेछ तर, नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसद्धारा नगर कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

## परिच्छेद-७

## विदा

२५. **विदा अधिकार नभई सहुलियत मात्र हुनेः** (१) नगर प्रहरी कर्मचारीले विदालाई अधिकार नभई सहुलियतको रुपमा बुझ्नु पर्नेछ ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबिजिबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरुः नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछनः

१) भैपरी आउने

२) घर विदा

३) विरामी विदा

४) किरिया विदा

५) प्रसुती विदा

६) प्रसुतिस्याहार विदा

७) सट्टा विदा

८) अध्ययन विदा

९) असाधारण विदा

१०) अन्तर्राष्ट्रिय संघ संस्थामा काम गर्न विदा दिन सकिने

२६. **<u>विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः</u>** यस नियमावली वमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैरहाजिर हुन पाउने छैन ।

(२) उपनियम (१) को उल्लंघन गरी गैरहाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाले सेवाबाट हटाउन सक्नेछ।

२७. **<u>भैपरी विदाः</u>** (१) नगर प्रहरी कर्मचारीले बर्षमा १२ दिनमा नबढाई भैपरी विदा पाउने छ ।

(२) भैपरी विदा साधारणतयाः एक पटकमा ४ दिनमा नबढाई लिन पाईने छ ।

(३) भैपरीविदा आउने अर्को बर्षको लागि सञ्चित हुनेछैन।

(४) कुनै आपतकालिन स्थितिको सिर्जना भई तत्काल विदा बस्नुपरेमा अनौपचारिक जानकारीलाई मान्यता दिई विदा अवधि भुक्तान भएपछि कारण र आधार सहित निवेदन दिएर स्विकृत गराउन सकिने छ ।

(५) भैपरी विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउने छन् ।

(६) भैपरीविदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाईने छैन ।

२८. **<u>घर विदाः</u>** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक साल ३० दिनका दरले घर विदा पाउनेछ।

(२) घर विदा वढीमा एक सय असी दिनसम्म सञ्चित राख्न सकिनेछ।

(३) नगर प्रहरी कर्मचारीलाई वर्षमा एक पटक घर विदा जाँदा र विदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा हिडनुपर्ने भएमा ७ कोशको निमित्त एक दिनको दरले तथा मोटर वाटोको लागि जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिनेछ ।

(४) जुनसुकै रुपले सेवाबाट हट्ने नगर प्रहरी कर्मचारीले निजको बढीमा एक सय असी दिनसम्मको घर विदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलवको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

(५) घर विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव, भत्ता र राशन पाउने छ।

(६) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको घर विदा, रासन भत्ता र पोशाक सुविधा पाउने छैन।

२९. <u>**विरामी विदाः**</u> (१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र राशन सहित विरामी विदा पाउने छ ।

(२) नगर प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिनेछ ।

(३) नगर प्रहरी कर्मचारीले विरामी विदा सञ्चित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजको सञ्चित विरामी विदावापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलवका दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

तर संचित विदाको रकम लिन नपाउँदै कुनै नगर प्रहरी कर्मचारीको मृत्यु भएमा निजले ईच्छाएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने कुरा विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यक्तिलाई प्रमाणपत्र पेश नगरी पनि विदा दिन सक्नेछ ।

(५) कुनै ठूलो वा कडा रोग लागेको छ भन्ने कुरा स्वीकृत चिकित्सकले प्रमाणित गरी दिईएको प्रमाण पत्र पेश गरेमा नगर प्रहरी कर्मचारीले वढीमा ४५ दिनसम्म पेश्की विरामी विदा पाउन सक्नेछ । यस्तो विरामी विदा लिने नगर प्रहरी कर्मचारीको मौज्दात रहेको वा हुन आउने घर विदाबाट प्रत्येक दुई दिन थप विरामी विदा वापत एक दिनका दरले घर विदा कट्टा गरिनेछ ।

(६) विरामी विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव, भत्ता र राशन पाउने छ ।

३०. **किरिया विदाः** (१) नगर प्रहरी कर्मचारीले आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नु परेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

३१. **प्रसूती विदाः** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी ६० दिन प्रसूती विदा पाउनेछ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिईनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

(४) उल्लेख भए अनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नु पर्नेछ ।

(५) यस्तो प्रसुति स्याहार विदाबस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

३२. **प्रसूती स्याहार विदाः** (१) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि पछी गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ।

(२) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिईनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ।

(३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अभिलेख अध्यावधिक गरी राख्नु पर्नेछ ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको शिशु जन्म प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

३३. <u>**सट्टा विदाः**</u> कुनै पनि सार्वजनिक विदाको दिन डियुटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ। तर यस्तो सट्टा विदा एक पटकमा सात दिनभन्दा वढी हुने छैन ।

३४. <u>**अध्ययन विदाः**</u> (१) नगर प्रहरीको सेवालाई आवश्यक पर्ने विषयमा स्थानीय तहलाई प्राप्त भएको छात्रवृत्तिमा मन्त्रालयको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तर स्थानीय निकाय प्रतियोगितामा वा स्थानीय निकायबाट मनोनयन भई अध्ययन गर्न जाने नगर प्रहरी कर्मचारीले अध्ययन अवधिभर अध्ययन विदा पाउन सक्नेछ।

(२) नगर प्रहरी कर्मचारीले सेवा अवधिभरमा एकैपटक वा पटक पटक गरी तीन वर्षसम्म अध्ययन विदा पाउनेछ । तर

कार्यालयले आवश्यक ठानेको अवस्थामा अध्ययन विदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययनको निमित्त मनोनयन भई अध्ययन विदा लिई गएको नगर प्रहरी कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन विदा थपिने छैन र असाधारण बिदा दिईने छैन ।

(४) नगर प्रहरीको सेवा सँग सम्वन्धित विषयमा उपनियम (२) बमोजिम अध्ययन विदा स्विकृत गराई विदामा बस्ने नगर प्रहरी कर्मचारीले तलब, भत्ता,राशन र पोशाकको सुविधा पाउने छैन।

(५) ३ वर्ष स्थायी सेवा अवधि नपुगी कुनै पनि नगर प्रहरी कर्मचारीले अध्ययन विदा पाउने छैन।

**स्पष्टीकरणः** यस नियमावली बमोजिम कुनै नगर प्रहरी कर्मचारीले गरेको अस्थायी सेवा अवधि स्थायी सेवा अवधिमा गणना भएको रहेछ भने यस नियावलीमा ४० उपनियामावली (१) प्रयोजनको लागि सो अस्थायी सेवा अवधि समेत गणना गरिनेछ।

(६) कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नको निमित्त अत्यावश्यक भएको तालिम प्राप्त गर्नको लागि नगर कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई मनोनयन गरी पठाउनु परेमा त्यस्तो तालिम अवधिभर निजलाई काजको रुपमा पठाईनेछ र सो अवधिभर निजलाई पूरा तलब, भत्ता र राशन दिईनेछ ।

(तालिम गरेर आई सके पछि प्रमाणपत्र पेश गरि ५ वर्षसम्म सेवाबाट अलग हुन नपाउने)

३५. **असाधारण विदाः** (१) नगर प्रहरी कर्मचारीले असाधारण विदा लिनु पर्दा विदा लिनुपर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा नगरपालिकाले एक पटकमा एक वर्ष नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ ।

(२) असाधारण विदामा बस्ने नगर प्रहरी कर्मचारीले सो अवधिभर तलब, भत्ता र राशन सुविधा पाउने छैन।

तर नियामावली ३५ को उपनियम(६) वमोजिम असाधारण विदामा वस्ने नगर प्रहरी कर्मचारीले त्यस्ता विदामा वसेको अवधिका पूरा तलव पाउनेछ ।

(३) पाँच वर्ष नगर प्रहरी सेवामा काम नगरेको कर्मचारीले असाधारण विदा पाउने छैन ।

तर (क) नियामावली ३५ को उपनियम (६) वमोजिम थप विरामी विदा बाफत असाधारण विदामा वस्न यस नियमले वाधा पुऱ्याएको मानिने छैन ।

(ख) निजी प्रयासमा अध्ययन गर्न चाहने नगर प्रहरी कर्मचारीले तीन वर्षको सेवा अवधि पूरा गरेपछि नियम ३५ को अधिनमा रही एकैपटक वा पटक पटक गरी वढीमा तीन वर्षसम्म असाधारण विदा पाउन सक्नेछ ।

(४) नगर प्रहरी कर्मचारीले लिएको असाधारण विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

३६. **अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिनेः** कुनै नगर प्रहरी कर्मचारीले विदा लिई अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न जान निवेदन दिएमा नगर प्रहरीको कर्मचारी सेवा समूहसँग सम्बन्धित सेवा समूहसँग सम्बन्धित बिषयमा निजले पाउन सक्ने असाधारण विदाबाट कट्टा हुने गरी पछि नगर प्रहरी सेवामा फर्कि आउने कवुलियत गराई निजलाई त्यस्तो सेवा गर्न जानका लागि अनुमति दिन सक्नेछ ।

३७. **बिदा माग गर्ने विधिः** (१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई शिलशिलेवार मिलाई बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मिति भन्दा अघिका मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ ।

क. बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भने ।

ख. पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने।

(३) अध्ययन विदाको लागि निवेदन दिंदा अरु कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः

क. आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

ख. अध्ययन गरिने विश्वविद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएका कागजात,

ग. नगर प्रहरी कर्मचारीलाई त्यस्तो विदाको सम्वन्धमा सहयोग पुऱ्याउन सक्ने अन्य आवश्यक कागजात ।

३८. <u>**विदा दिने अधिकारी देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः**</u>

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने विदा | नगर प्रहरी प्रमुख |
| २. घर विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ३. विरामी विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ४. प्रसूति विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ५. किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ६. अध्ययन विदा | नगर कार्यपालिका |
| ७. असाधारण विदा | नगर कार्यपालिका |

८. अन्तर्राष्ट्रिय संघ,संस्थामा सेवा गर्न विदा दिन सकिने नगर कार्यपालिका यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन

भित्र नगरपालिका प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

३९. **<u>विदा परिणत नहुने:</u>** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाईने छैन।

४०. **<u>सार्वजनिक विदा गाभिने:</u>** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसे नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

४१. **<u>कार्यालयमा अनुपस्थित हुने उपर कारवाही:</u>** विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलव कट्टी गरी विभागिय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

४२. **<u>विदा लिने विधि:</u>** (१) यस परिच्छेद बमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ विदा स्वीकृत भए नभएको

जानकारी सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनु पर्नेछ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखेर मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम(१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तजबिजिबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाईएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

४३. **<u>विदाको अभिलेखः</u>** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्न प्रशासन शाखामा १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।

४४. **<u>निकासा लिन नभ्याएमाः</u>** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनु पर्छ ।

४५. **<u>गयल खाली जनाउनेः</u>** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफू गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पडताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले आवश्यक क कारण सहित पर्चा खडा गरी थमौती गरेको व्यहोरा लेखी पठाउन सक्नेछ।

४६. **<u>झुठो कारण देखाएमा सजाय हुनेः</u>** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागिय सजायको भागी हुनेछ।

४७. **तालिम अवधिमा विदा वस्नेवारेः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदा बाहेक साधारणतया अरु कुनै विदा दिईने छैन।

४८. **सञ्चित विदा उपभोग गर्न पाउनेः** यो नियमावली प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित सेवा सर्त सम्वन्धी नियामावली वमोजिम कुनै नगर प्रहरी कर्मचारीको घर विदा वा विरामी विदा सञ्चित रहेको भए निजले सो सञ्चित विदा यस नियमावली वमोजिम उपभोग गर्न पाउनेछ ।

## परिच्छेद-८

## आचरण

४९. **दान उपहार लिन नहुनेः** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन।

५०. **चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिम आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

५१. **स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुनेः** नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । त्रिपुरासुन्दरी नगरपालिका स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ।

५२. **सम्पत्तिको विवरण दिनुपर्नेः** (१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो नियमावली लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछः

१) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातका विवरण ।

२) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, सुन, चाँदीको अन्दाजी मूल्य।

३) उपनियामावली १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

४) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

५३. <u>व्यापार व्यवसाय गर्न नहुनेः</u> कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती विना देहायका काम गर्नु हुँदैनः

१. कुनै व्यापार गर्न ।

२. कुनै फर्मको हिस्सेदार सञ्चालक हुन ।

३. कुनै व्यवसाय चलाउन ।

५४. **<u>नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः</u>** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा

गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनु हुदैन।

५५. **<u>रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः</u>** नगर प्रहरी कर्मचारीले नगरपालिकको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

५६. **<u>नगरपालिकाको आलोचनाः</u>** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरपालिका बासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुदैन ।

५७. **<u>निर्वाचनमा भाग लिन नहुनेः</u>** नगरप्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

५८. **<u>राजनीतिमा भाग लिन नहुनेः</u>** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा

कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

५९. **समय पालन र नियमितताः** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

६०. **अनुशासन र आज्ञापालनः** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नु पर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकता साथ पालन गर्नु पर्दछ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

६१. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरीसम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

६२. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी देवानी (संहिता) ऐन, २०७४ बिबाहबारी सम्बन्धी व्यवस्था बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद-९

## सजाय र पुनरावेदन

६३. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने।

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिकरुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने गर्ने ।

६४. **नसिहत दिने वा प्रतिकूल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ। दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

६५. **तलब वृद्धि वा पदोन्नति रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

६६. **दर्जा र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाईम स्केल वा त्यही टाईम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र त्रिपुरासुन्दरी नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क. सन्तोषजनक काम नगरेमा ।

ख. अनुशासनहीन काम गरेमा ।

ग. आचरणसम्वन्धी नियम उल्लंघन गरेमा ।

घ. नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठा कारण देखाएमा।

ङ. दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च. मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ. लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा।

६७. **नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वार्खास्त गर्न सक्नेछ।

क. अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी वा दायित्व पुरा गर्न नसकेमा

ख. राजनीतिमा भाग लिएमा

ग. बारम्बार अनुशासनहीनताको काम गरेमा

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा ।

ङ. डियुटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

च. भ्रष्टाचार गरेमा

छ. आफ्नो पदको जिम्मेवारी अनुसार आचरणको पालना नगरेमा

ज. आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ. मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

६८. **सजायको आदेश दिनेः** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

६९. **सेवाको अन्त गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस नियावमाली वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

क. परिक्षणकालमा रहने गरी नियुक्ति भएकोमा परिक्षणकाल भित्र बारम्बार आचरण उल्लंघन गरेमा।

ख. स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा,

७०. **<u>नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने :</u>** कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाईएको वा वर्खास्त गरिएको मिति देखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत पाउनेछ ।

## परिच्छेद-१०

## <u>अवकाश र उपदान</u>

७१. **<u>अनिवार्य अवकाशः</u>** (१) यो नियमावली जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहाय वमोजिमको उमेर पुगेपछि वा नगर प्रहरी जवानको हकमा २० बर्ष, नगर प्रहरी हवल्दारको हकमा २२ बर्ष र सो भन्दा माथिका अन्य दर्जाको हकमा २५ वर्ष सेवा अवधि पूरा भए पछी निजलाई सेवाबाट अवकाश दिईनेछ ।

| | | |
|---|---|---|
| क. नगर प्रहरी नायब निरिक्षक | - | ५५ वर्ष |
| ख. नगर प्रहरी सहायक निरिक्षक | - | ५३वर्ष |
| ग. नगर प्रहरी हवल्दार | - | ५०वर्ष |
| घ नगर प्रहरी जवान | - | (४५ बर्ष |

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारी सेवाबाट अवकाश पाउने छ ।

**स्पष्टीकरणः** उमेर प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय वमोजिम गरिनेछः

क. नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

ख. त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गर्ने बेला ब्यक्तिगत विवरणमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

(४) यस नियामावली वमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले नोकरीबाट अवकाश दिनेछ।

(५) यो नियम प्रारम्भ हुँदा नगर प्रहरी सेवामा वहाल रहेका नगर प्रहरी कर्मचारीले उपनियम(१)वमोजिम अवकाश प्राप्त गर्दा प्रचलित नगरप्रहरी नियमावली वमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ सो अवधि समेत निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजले पाउने उपदानमा हिसाव गरिनेछ।

७२. **उपदानः** (१) त्रिपुरासुन्दरी नगरपालिका नगर प्रहरीको उपदान रकम गणना गर्दा देहाय बमोजिम गरीनेछ ।

क. पाँच बर्ष भन्दा कम स्थायी सेवा अवधिको लागि प्रत्येक बर्षका निमित्त आधा महिनाको तलबका दरले हुन आउने जम्मा रकम ।

ख. पाँच देखि दश बर्ष स्थायी सेवा अवधिको लागि प्रत्येक बर्षका निमित्त एक महिनाको तलबका दरले हुन आउने जम्मा रकम ।

ग. दश देखि पन्ध्र बर्ष स्थायी सेवा अवधिको लागि प्रत्येक बर्षका निमित्त डेढ महिनाको तलबका दरले हुन आउने जम्मा रकम ।

घ. पन्ध्र देखि बीस बर्ष स्थायी सेवा अवधिको लागि प्रत्येक बर्षका निमित्त दुई महिनाको तलबका दरले हुन आउने जम्मा रकम।

ङ. बीस बर्ष भन्दा बढि स्थायी सेवा अवधिको लागि प्रत्येक बर्षका निमित्त अढाई महिनाको तलबका दरले हुन आउने जम्मा रकम ।

(२) उपनियम १ मा तोकिए बाहेक सेवाका शर्त र सुविधा सम्बन्धी अन्य कुरा त्रिपुरासुन्दरी नगरपालिका कर्मचारी नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

७३. **पारिवारीक उपदानः** (१) नगर प्रहरी कर्मचारीको नोकरीमा छदै सरकारी कामको सिलसिलामा मृत्यु भएमा मृतक कर्मचारीले ईच्छाएको व्यक्तिलाई बढिमा पाँच बर्ष थप गर्दा नियमानुसार हुन आउने रकम एकमुष्ट उपदान दिईनेछ।

तर, कार्यालयले खटाएको काम वा कर्तव्य निर्वाहको क्रममा भवितव्यबाट मृत्यू भएमा सेवा अवधिमा १० बर्षसम्म थप गरी उपदानका लागि हिसाब गर्न बाधा पर्ने छैन । यो व्यवस्था करार वा अस्थायीको हकमा समेत लागू हुनेछ ।

७४. **अशक्त वृत्तिः** कुनै नगर प्रहरी कर्मचारी आफ्नो पदको कर्तव्य पालना गर्दा तालिम वा कामको सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अंगभंग भएको छ वा चोट पटक लागेको छ र नगर प्रहरीसेवाको लागि अशक्त भएको छ भने त्यस्तो नगर प्रहरीले पाउने उपदान रकम हिसाव गर्दा निजको अशक्तताको अवस्था हेरी जम्मा सेवा अवधिमा देहाय अनुसार बर्ष थप गरी हिसाव गरिनेछ।

| अशक्तता प्रतिशत | करार वा अस्थायीको हकमा थप हुने बर्ष | स्थायीको हकमा थप हुने बर्ष |
|---|---|---|
| १०० | १० | १३ |
| ७५ भन्दा माथि | ८ | ११ |
| ५० भन्दा माथि | ६ | ९ |
| २५ भन्दा माथि | ४ | ७ |
| २५ भन्दा कम तर सेवाको लागि अयोग्य | २ | ५ |

अशक्तता निर्धारण समितिः अशक्तता निर्धारणका लागि देहाय अनुसार एक अशक्तता निर्धारण समिति रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

स्वास्थ्य सयोजक - सदस्य

कार्यपालिकाबाट मनोनित एक जना कार्यपालिका सदस्य - सदस्य

प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

नगर प्रहरी कमाण्डर - सदस्य सचिव

७५. **<u>निवृत्तिभरण सम्वन्धी कानूनः</u>** नगर प्रहरी कर्मचारीको सम्बन्धमा भविष्यमा निबृत्तिभरण सम्बन्धी कानूनको निर्माण गरी लागू गरिनेछ।

७६. **<u>सन्ततिवृत्ति र शैक्षिक भत्ताः</u>** (१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिदा तत्काल मृत्यु वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने अशक्त भएमा त्यस्तो मृतक वा अशक्त नगर प्रहरी कर्मचारीको प्रत्येक सन्ततिलाई रु। ५०० (पाँच सय) को दरले मासिक सन्ततिवृत्ति दिईनेछ (सन्तति भन्नाले निजको छोरा, छोरीलाई जनाउँनेछ) तर यस्तो सुबिधा बढीमा २ जनासम्मलाई हुनेछ।

(२) उपनियम १ वमोजिम सन्तति वृत्ति सम्वन्धित सन्ततिले २१ वर्षको उमेर पुरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडी हुन्छ सो मितिसम्म पाउँनेछ।

७७. **<u>सेवा अवधिको गणनाः</u>** (१) नगर प्रहरीको स्थायी सेवा सम्बन्धी प्रावधान लागू भई नियुक्ति प्रक्रिया अगाडी बढेमा उपदान सम्बन्धी प्रयोजनका लागि सेवा अवधि गणना गर्दा अविच्छिन्न रुपमा सेवामा रहेका नगर प्रहरीका निमित्त सो भन्दा अगाडीको करार वा अस्थायी सेवा अवधिको समेत गणना गर्न पाईनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि एकपटक उपदान पाई सकेको व्यक्ति नगर प्रहरी सेवा वापदमा पुनः नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपनियम (१) अनुसार गणना गर्दा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।

**७८.** **उपचार खर्चः** (१) कुनै नगर प्रहरी कर्मचारी विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम नगरपालिकाले उपचार खर्चवापत दिनेछः

क. अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदान सहितको पेशक्रिप्शन वमोजिम खर्च ।

ख. अस्पताल नभएको ठाउँमा वा अस्पताल भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुनु नपर्ने वा भर्ना हुन नसकेको कुनै अवस्था वा किसिमको रोगको सम्वन्धमा कुनै दर्तावाल वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेण्टले जाँचगर्दा लिएको शुल्क र

रोगको निदानसहितको प्रेस्क्रिप्सन अनुसार गरेको औषधि खर्च ।

ग. अस्पताल पनि नभएको र डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेन्ट पनि नभएको ठाउँमा भएको उपचारमा नगर प्रहरी प्रमुख मातहतका नगर प्रहरी कर्मचारीको हकमा नगर प्रहरी प्रमुखले तथा नगर प्रहरी प्रमुखको हकमा प्रशासन, योजना तथा अनुगमन शाखाको एक तहमाथिको अधिकारीले सिफारिस गरेको खर्च।

घ. प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिल वमोजिमको खर्च ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको तमाम नोकरी अवधिभरमा अधिकृतस्तरको भए १२ महिना र सो भन्दा मुनिको पदकोलागि १८ महिना वरावरको तलब रकमसम्म मात्र उपचार खर्च दिईनेछ ।

(३) यस नियम वमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेम कारण मनासिब देखिए उपनियम (२) को अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सक्नेछ ।

(४) भविष्यमा स्थानीयतहको निमित्त सामान्य तया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा वाहेक अरु जुनसुकै व्यहोराबाट नगर प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँदा उपनियम (५) वमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचारखर्च वाँकी रहेको भए त्यस्तो बाँकी भए जति पुरै रकम र सेवा अवधिभर भएको जम्मा उपचार खर्चको १० प्रतिशत रकम समेत एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।

(५) कुनै नगर प्रहरी कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा स्थानीय तहनको नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरी अवधि मानी त्यसैको दामासाहीले उपनियम (२) अनुसार पाउने उपचार खर्च पाउनेछ ।

(६) यस नियमवमोजिम नगर प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण कार्यालयले नगर प्रहरीको विदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नुपर्नेछ ।

## परिच्छेद-११
## तलब, भत्ता

७९. **तलब भत्ताः** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलबभत्ता पाउने छ । तलव र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ।

८०. **टाईम स्केलः** (१) टाईम स्केल अनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केलमा लेखिएको न्यूनतम तलब पाउने छ।

तर अख्तियारवालाले कारण समेत जनाई लिखित अनुरोध गरेमा नगरपालिकाले निजको प्रारम्भिक तलबलाई टाईम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । उत्कृट योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ।

(२) उच्चस्तर टाईम स्केलको कुनै पदमा स्थायी रुपमा वढुवा पाउने नगर प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाईम स्केलमा लेखिएका न्यूनतम तलब पाउने छ।

८१. **तलब वृद्धिः** देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरेपछि ग्रेडवृद्धि पाउनेछ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब वृद्धि रोक्का ।

तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिनेछ।

८२. **<u>कायम मुकायम भई काम गरेको तलब भत्ताः</u>** कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मिति देखि निजले माथिल्लो पदको तलब भत्ता पाउनेछ।

८३. **<u>अवकाश पाउने कर्मचारी पाउने तलब र राशनः</u>** नगर प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सोको सूचना पाएको मितिसम्म निजले खाईपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधासमेत पाउनेछ ।

तर कार्यालयमा गैरहाजिर रही विभागिय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले आफू अनुपस्थित रहेको मिति देखिको तलब, भत्ता र रासन पाउने छैन ।

**स्पष्टीकरणः** माथी जुनसुकै लेखिएता पनि यदि नगरपालिकाको आम्दानी तथा आय घटेमा उल्लेखित सेवा सुबिधा उपलब्ध गराउन पालिका बाध्य हुने छैन।

## परिच्छेद-१२

## <u>कायम मुकायम र कार्यवाहकको व्यवस्था</u>

८४. **<u>कायम मुकायम करार गर्न सक्नेः</u>** (१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम करार गरिने छैन तर पदरिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम करार गर्न सकिनेछ ।

(२) यस नियामावली वमोजिम कायम मुकायम करार गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठनगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम करार गरिनेछ।

(३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम करार भएको हो निजले सो पदको दर्ज्यानी चिन्हसहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

८५. **कायम मुकायम गर्ने अधिकारीः** (१) नगर प्रहरी कर्मचारीलाई कायम मुकायम करार प्रमुख प्रशासकीय अधिकृतले गर्ने ।

(२) उपनियम (१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिनेछ ।

(३) उपनियम (१) वमोजिम कार्यवाहक भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

(४) देहायको अवस्थामा कायम मुकायम करार गर्न सकिने छैनः

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधि भए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर।

८६. **निमित्त भई काम गर्ने व्यवस्थाः** (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

८७. **एक पदमा एक व्यक्तिमात्र कामय मुकायम वा कार्यवाहक हुनेः** कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक करार हुन सक्ने छैन ।

८८. **काम गरेको अवधिको तलब भत्ताः** (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई कामगर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको हो सोही पदकोतलब भत्ता र राशन पाउने छ। तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिईने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको तलब भत्ता र राशन दिईने छ ।

## परिच्छेद-१३
## तालिम

८९. **तालिमको व्यवस्थाः** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन त्रिपुरासुन्दरी नगरपालिकाले तोकिए वमोजिम तथा आवश्यकता अनुसार अन्य तालिमहरु पनि दिन सक्नेछ ।

९०. **तालिम संचालन हुने स्थानः** नगरपालिकाले तोकिएको स्थानमा हुनेछ ।

९१. **तालिमको अवधिः** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि र पाठ्यक्रम त्रिपुरासुन्दरी नगरपालिकाले तोके अनुसार हुनेछ ।

९२. **तालिमको अनिवार्यताः** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुले तालिम लिनु अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराईएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिन तथा गैरजिम्मेवारी रहेको व्यहोरा अभिलेखमा जनाईनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिन रहेको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिईनेछ। त्यसपछि पनि उदासिन र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ।

९३. **तालिमको पाठ्यक्रमः** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

९४. **प्रशिक्षार्थीले पाउने सुविधाः** (१) नगरपालिका वाहिर प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित स्थानीय कानून अनुसार हुनेछ ।

(२) राशन पाउने नगर प्रहरीकर्मचारीहरुलाई त्रिपुरासुन्दरी नगरपालिकाको नियमानुसार राशन र भत्ता पाउने छन्।

९५. **तालिम सफल भएमा:** देहायको तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछः

(क) नगर प्रहरी अधिकृत तथा जुनियर अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु अस्थायी नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा अस्थायी नियुक्तिको लागि योग्य हुनेछन।

९६. **तालिममा सामेल गराउने संख्या:** नगर प्रहरीको कार्यमा दैनिक तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्ने छन्।

९७. **अतिथि प्रशिक्षकहरुको पारिश्रमिकः** नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

९८ **आन्तरिक तालिमः** एकै पटक नियुक्ति भएका वा वढुवा भएका नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुनेगरी तालिमको व्यवस्था

मिलाउनु पर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन ।

## परिच्छेद-१४

## पोशाक

९९. **प्रारम्भिक पोशाक:** (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको चाहिने प्रारम्भिक पोशाक त्रिपुरासुन्दरी नगरपालिकाले दिनेछ ।

१००. **नगर प्रहरी पोशाकः** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण कार्यापालिकाले तोके बमोजिम हुनेछ ।

१०१. **प्रारम्भिक पोशाक र सामान प्रत्येकः** नगरप्रहरी कर्मचारीलाई अनुसूचिमा तोके अनुसारको पोशाक र सामान उपलब्ध गराईनेछ।

१०२. **जाडो मौसमका लागि दिईने पोशाकः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिईनेछ।

१०३. **सेरोमोनियल पोशाकः** अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाक तोकिएको लागि रकम उपलब्ध गराईनेछ।

१०४. **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः** नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भए बमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिईनेछ।

**१०५. <u>नगर प्रहरीको पोशाक सट्टाभर्नाः</u>** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिईनेछ ।

## परिच्छेद-१५
## <u>विविध</u>

**१०६. <u>समिति गठन हुनेः</u>** तालिम र पोशाक सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको समिति गठन हुनेछ। त्यस समितिले गरेको ठहर वमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ।

**१०७. <u>विभागीय आदेश र निर्देशनः</u>** ऐन र यस नियमावलीको परिधि भित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशाकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम गराउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**१०८.** <u>**पुरस्कारः**</u> नगरपालिकाको समग्र हित र ईज्जतका लागि प्रशंसनिय कार्य गर्ने नगर प्रहरी कर्मचारीलाई पुरष्कृत गरिनेछ ।

**१०९.** <u>**दशै खर्च पाउने:**</u> नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिन अगाडी दशै खर्चको रुपमा पाउनेछ ।

**११०.** <u>**अन्य सुविधातथा व्यवस्थाः**</u> (१) त्रिपुरासुन्दरी नगरपालिकाले नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोके बमोजिम हुनेछ।

(२) सुरुमा करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो नियामावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि नियामावली जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन।

(३) नियामावली १२३ (२) वमोजिमको खुल्ला विज्ञापनमा भाग नलिई सेवाबाट स्वईच्छाले सेवाबाट हटन चाहने करार सेवामा कार्यरत नगर प्रहरी जवानहरुलाई करार सेवामा काम गरेको अवधिको प्रति वर्षको आधा महिनाको प्रचलित स्केल वमोजिमको तलव एक मुष्ट उपलब्ध गराईनेछ । चानचुन महिना तथा दिनलाई दामाशाहीले हिसाव गरिनेछ।

**१११.** <u>**नगर प्रहरी सम्बन्धी सेवा र शर्तहरुः**</u> त्रिपुरासुन्दरी नगरपालिका कार्यालय अन्तर्गत कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त,

सुविधा र संचालन यस नियमावलीमा व्यवस्था भएको हदसम्म यसै नियमावली बमोजिम हुनेछ ।

**११२. <u>बाधा अड्काउ फुकाऊः</u>** यस नियमावलीको पालना र कार्यन्वयनमा कुनै बाधा परेमा सोको व्याख्या गरी बाधा अड्काउ फुकाउने अधिकार त्रिपुरासुन्दरी नगर कार्यपालिकामा हुनेछ ।

**११३. <u>नियमावली संशोधनः</u>** यस नियामवलीमा आवश्यक संशोधन त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाले गर्न सक्नेछ।

स्वीकृत मिति: २०८०/०९/२०

आज्ञाले

जग्दिश चन्द्र नेपाली

प्रमुख प्रशासकीय अधिकृत